नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ९४१

मितिः-२०८१/०७/०६

ने.सं.११४४ कौलागा ०५

विषयः- स्थानीय तहहरुमा पत्राचार तथा समन्वय सम्वन्धमा।

श्री स्थानीय तह (सबै)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ३९ मिति २०८१/०७/०४ को स्थानीय तहहरुमा पत्राचार तथा समन्वय सम्बन्धी पत्र र सोसाथ प्राप्त निर्णयको प्रतिलिपि आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## स्वास्थ्य समन्वय महाशाखा

### प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा


☎ ४- २२३५८० / २६२६९६ / २६९७३६ / २६२८०२ / २६२९८७ / २६२४६८ / २६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल


पत्र संख्याः २०८१/८२
च.न.: ३९

मिति-२०८१।०७।०४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

विषय- स्थानीय तहहरुमा पत्राचार तथा समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा यही मिति २०८१।०७।०२ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका मन्त्री माननीय प्रदीप पौडेलको समुपस्थितिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधिहरु सहितको बैठकले नेपालभर कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २०८१।०७।१५ देखि लागु हुने गरी कार्यक्षेत्र रहेको जिल्लाभर सरकारले खटाएको कामकाज गर्ने शिलशिलामा सार्वजनिक यातायातमा निशुल्क यातायात सेवा प्रदान गर्ने निर्णय भएकाले सो निर्णय कार्यान्वयन गर्न सबै स्थानीय तहहरुलाई पत्राचार गरी समन्वय गरिदिनहुन यस मन्त्रालय (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

**पुनश्चः** निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न रहेको व्यहोरा अनुरोध छ ।

२०८१/७/४

हेमराज पाण्डे
शाखा प्रमुख

**सादर अवगतार्थ**

माननीय मन्त्रीज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।

**बोधार्थ**

श्री नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, ललितपुर ।

आज मिति २०८१ साल कार्तिक २ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका मन्त्री माननीय प्रदीप पौडलको समुपस्थितिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८१।६।२१ च नं २०७ को पत्रबाट नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ लाई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई निशुल्क यात्राको व्यवस्था मिलाउन अनुरोध गरिएको सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधिहरु सहितको वैठकले नेपालभर कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सार्वजनिक यातायातमा निशुल्क यातायात सेवा प्रदान गर्ने विषयमा तपसिल बमोजिमको निर्णय गरियो।

उपस्थिति

| क्रस | नाम | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | माननीय प्रदीप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | [signature] |
| २ | श्री हरि प्रसाद मैनाली | सचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | [signature] |
| ३ | श्री डा दिपेन्द्र रमण सिंह | अतिरिक्तसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | [signature] |
| ४ | श्री डा भीमप्रसाद सापकोटा | महाशाखा प्रमुख | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | [signature] |
| ५ | श्री डा विकास देवकोटा | महानिर्देशक | स्वास्थ्य सेवा विभाग | [signature] |
| ६ | श्री विजय बहादुर स्वार | अध्यक्ष | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | [signature] |
| ७ | श्री रवि रिमाल | उपाध्यक्ष | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | [signature] |
| ८ | श्री डेकनाथ गौतम | महासचिव | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | [signature] |
| ९ | ज्ञानेन्द्र श्रेष्ठ | कोषाध्यक्ष | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ | [signature] |
| १० | सुवन गिरी | संयोजक | नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, बागमती प्रदेश | [signature] |
| ११ | हेमराज पाण्डे | ज.स्वा. प्रशासक | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | [signature] |
| १२ | रामजी घिमिरे | अध्यक्ष | नेपाल स्वास्थ्य कर्मी संघ | [signature] |
| १३ | बसन्ती महर्जन (म स्वा से) | अध्यक्ष | नेपाल स्वास्थ्य स्वयंसेवक संघ | [signature] |
| १४ | श्री.पुष्पराज पौडेल | क.शा.चि | स्वास्थ्य तथा जनसंख्या | [signature] |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| | | | | |

प्रस्ताव तथा निर्णयहरु

१) बिना कुनै तलब निस्वार्थ रुपमा आम जनताको सेवामा खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आफ्नो कार्यक्षेत्र भित्र तोकिएको कामको सिलसिलामा आवतजावत गर्न सहज होस भन्ने अभिप्रायले नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले बहन गर्ने व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत निशुल्क यातायात सेवा प्रदान गर्ने व्यवस्था मिलाउँदा यातायात व्यवसायी राष्ट्रिय महासंघले गर्व गर्न सक्ने अवस्था रहने तथा विना तलब राज्यको कार्य गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई पनि राहत हुने साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु थप उत्प्रेरित भई जनस्वास्थ्य प्रवर्धन सेवामा खटिन सक्ने अवस्था रहने देखिएकोले तपसिल बमोजिमको निर्णय गरी कार्यान्वयन गर्ने।

तपसिल :

**१) नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निम्नानुसार हुने गरी व्यवस्था मिलाउने।**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको प्रष्ट पहिचान तथा कार्यक्षेत्र खुल्ने परिचय पत्रको व्यवस्था मिलाउने।

ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले नेपाल यातायात व्यवसायी महासंघ अन्तर्गत सञ्चालित सार्वजनिक यातायातका साधनहरुमा प्राप्त हुने सुविधाबारे महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई जानकारी गराउने।

**२) नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले निम्नानुसार हुने गरी व्यवस्था मिलाउने।**

क) व्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत देशभरका सार्वजनिक यातायातमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कार्यक्षेत्र (सम्बन्धित जिल्लाभर) मा तोकिएको जिम्मेवारी पुरा गर्ने क्रममा सार्वजनिक यातायातका साधनमा निशुल्क यात्राको व्यवस्था मिलाउने ।

ख) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पोशाकमा रहने र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचय पत्र बाहकलाई २०८१/०७/१५ दखि लागु हुने गरी सम्बन्धित जिल्लाभर निशुल्क यातायात सेवा प्रदान गर्न व्यवस्था मिलाउने ।

**प्रदीप पौडेल**
**मन्त्री**